# नेपाल सरकारको १०० बुँदे कार्यसूचिको बुँदा २ बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको १० प्रमुख कार्यहरुको कार्ययोजना

| क्र. सं. | प्रमुख कार्य/ क्रियाकलाप | प्रमुख कार्यसम्पादन सूचकको नाम (KPI) | ईकाई | लक्ष्य | प्रगति | समयसीमा | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | नीति तथा कानुन तर्जुमा तथा पुनरावलोकन | • लैङ्गिक हिंसा निवारण सम्बन्धी एकीकृत कानूनको मस्यौदा तयार गर्ने (नयाँ)<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधन विधेयक तयार गर्ने<br>• बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयक तयार गर्ने<br>• अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन विधेयक तयार गर्ने | सङ्ख्या | ४ | विद्यमान कानूनहरु समसामयिक हुने। नयाँ कानून निर्माण हुने। | संशोधन विधेयक ४५ दिनभित्र र नयाँ ऐन एक वर्षभित्र | सबै महाशाखा प्रमुख र कानुन तथा फैसला कार्यान्वयन शाखा प्रमुख |
| | | • ज्येष्ठ नागरिक नीतिको मस्यौदा तयार गर्ने (नयाँ)<br>• राष्ट्रिय बालबालिका नीति-२०८० को कार्ययोजना स्वीकृत गर्ने<br>• लैङ्गिक हिंसा निवारणका लागि राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने<br>• लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन तर्जुमाका लागि अध्ययन गर्ने | सङ्ख्या | ४ | नयाँ नीतिगत व्यवस्था हुने। नीति कार्यान्वयनका लागि स्पष्ट मार्गदर्शन हुने। नयाँ कानून निर्माणका लागि अध्ययन हुने। | मस्यौदा १०० दिनभित्र कार्ययोजना ४५ दिनभित्र अध्ययन ४५ दिनभित्र | सबै महाशाखा प्रमुख, सम्बन्धित शाखा र कानुन तथा फैसला कार्यान्वयन शाखा प्रमुख |
| २. | हवाई उद्धार (Heli to Hospital) | • दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको हवाई उद्धार गर्ने | प्रतिशत | १०० | मातृशिशु मृत्युदर न्यूनीकरण हुने। | निरन्तर | महिला सशक्तीकरण महाशाखा प्रमुख |
| ३. | लैङ्गिक परीक्षण | • लैङ्गिक समानता र उत्तरदायित्व सम्बन्धमा ४ वटा संघीय मन्त्रालय/कार्यालयको लैङ्गिक परीक्षण (Gender Audit) गर्ने | सङ्ख्या | ४ | सङ्घीय मन्त्रालयको लैङ्गिक परीक्षण हुने। | १०० दिन | महिला सशक्तीकरण महाशाखा प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | महिला आर्थिक सशक्तीकरण | • निजी क्षेत्रको सहकार्यमा महिला उद्यमीबाट उत्पादित वस्तु/सेवाको बजारीकरणको प्रवर्द्धन गर्ने ।<br>• स्थानीय तहमार्फत सीमान्तकृत समुदायको महिला उद्यमशीलना तथा आर्थिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने | सङ्ख्या | मेला आयोजना ७ उद्यमी पुरस्कृत<br>नमुना ग्रामको सञ्चालन | उद्यमीको प्रोत्साहन तथा महिला उद्यशीलतामा टेवा पुग्ने। | निरन्तर | महिला सशक्तीकरण महाशाखा प्रमुख |
| ५. | लैङ्गिक हिंसा निवारण तथा सचेतना<br>साईबर सुरक्षा | • लैङ्गिक हिंसा पीडित महिला र मानव बेचबिखन तथा ओसारपसार पीडितप्रभावितहरुको उद्धार तथा / संरक्षण गर्ने | प्रतिशत | १०० | पीडितप्रभावितको / उद्धार तथा संरक्षण हुने। | निरन्तर | महिला सशक्तीकरण महाशाखा प्रमुख |
| | | • महिला तथा बालबालिका उपर हुने साइबर हिंसा लगायतका डिजिटल अपराध न्यूनीकरण गर्न स्थानीय भाषामा डिजिटल सचेतनामूलक सामग्री निर्माण गरी प्रचार प्रसार गर्ने | सङ्ख्या | कम्तिमा बहुसंख्य कले बोल्ने ७ भाषामा | डिजिटल अपराध न्यूनीकरणका लागि सचेतना बढेको हुने। | निरन्तर | महिला सशक्तीकरण महाशाखा प्रमुख |
| ६. | जोखिममा परेका बालबालिकाको उद्धार र पुनर्स्थापना तथा | • हराएका बालबालिकाहरूको खोजी, उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने<br>• जोखिममा परेका बालबालिकाको संरक्षणका निम्ति नागरिक संस्थासँगको सहकार्यमा प्रत्येक प्रदेशमा कम्तिमा एउटा अस्थायी संरक्षण केन्द्र सञ्चालनमा ल्याउने | प्रतिशत | १०० | जोखिममा रहेका बालबालिकाको संरक्षण भएको हुने। | निरन्तर | मन्त्री/सचिव/ महाशाखा प्रमुख/सदस्य सचिव (राष्ट्रिय बाल अधिकार परिषद्) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक बालबालिका मुक्त नेपाल | • सडक बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनासहित नेपाललाई 'सडक बालबालिकामुक्त' घोषणा गर्ने | | १ | 'सडक बालबालिकामुक्त नेपाल' घोषणा भएको हुने। | १०० दिनभित्र | मन्त्री/सचिव/ महाशाखा प्रमुख/सदस्य सचिव (राष्ट्रिय बाल अधिकार परिषद्) |
| ७. | जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन | • नेपाल बाल संगठन र बालमन्दिर सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सरोकारवाला निकाय पहिचान गर्ने<br>• आवश्यक अनुसन्धान र कारवाहीका लागि लेखि पठाउने<br>• मन्त्रालयले तदर्थ समिति गठनका लागि प्रस्ताव पेश गर्ने | पटक | १ | प्रतिवेदन कार्यान्वयन भई नेपाल बाल संगठनको जग्गा संरक्षण लगायतका कार्य भई दोषिले सजाय पाउने। | १०० दिनभित्र | मन्त्री/सचिव/ प्रशासन तथा योजना महाशाखा प्रमुख |
| ८. | ज्येष्ठ नागरिकको बहुस्वास्थ्य समस्या सम्बोधन | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहकार्यमा सबै सङ्घीय अस्पतालमा ज्येष्ठ नागरिकको मानसिक स्वास्थ्य तथा मनोसामाजिक उपचार समेतका लागि विशिष्टीकृत विभाग (जेरियाट्रिक) सञ्चालनमा गर्ने | सङ्ख्या | सबै सङ्घीय अस्पताल | ज्येष्ठ नागरिकको बहुस्वास्थ्य समस्या सम्बोधन गर्न संस्थागत व्यवस्था हुने | १०० दिनभित्र | सामाजिक समन्वय महाशाखा प्रमुख |
| ९. | पहुँचयुक्त भौतिक संरचना परीक्षण | • सङ्घीय मन्त्रालयहरुको भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन पहुँचयुक्तता परीक्षण (Accessibility Test) प्रतिवेदन तयार गरी सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने | सङ्ख्या | १ एकीकृत प्रतिवेदन | सङ्घीय मन्त्रालयहरूको भौतिक संरचनाको पहुँचयुक्तता सम्बन्धी ग्याप पहिचान हुने | १०० दिनभित्र | सामाजिक समन्वय महाशाखा प्रमुख |
| १०. | गैरसरकारी संस्था नियमन तथा अनुगमन | • सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गैह नाफामूलक क्षेत्रका लागि जोखिम पहिचान तथा मापनका सूचक तयार गरी कार्यान्वयन गर्ने | संख्या | १ | AML/CFT अनुगमन तथा ग्रे लिस्टबाट बाहिरिनका लागि सहयोग पुग्ने। | १०० दिन भित्र | सामाजिक समन्वय महाशाखा प्रमुख |
| | | • समाज कल्याण परिषद अन्तर्गत भृकुटीमण्डप लगायतको जग्गा लिज तथा उपयोगिता सम्बन्धमा पुनरावलोकन गर्ने | पटक | १ | जग्गाको उपयोगमा प्रष्टता आउने | १ वर्ष | समाज कल्याण परिषद् |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं